स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



नेपाली चलचित्र क्षेत्रकी लोकप्रिय अभिनेत्री वर्षा राउतलेहिन्दी चलचित्रमा अभिनय यात्राको सुरुवात गर्ने भएकी छन्। उनले हिन्दी फिचर चलचित्र 'रिमझिम गिरे सावन' मा मुख्य भूमिकाका लागि निर्माण पक्षसँग औपचारिक सम्झौता गरेकी हुन्। सफल चलचित्र 'नाईं नभन्नु ल ४' बाट अभिनय यात्रा सुरु गरेकी वर्षाले त्यसपछि 'छक्का पञ्जा' चलचित्रमार्फत नेपाली रजतपटमा आफूलाई स्थापित गरिसकेकी छन्।

आजको विचार...



राज्य... (दुई पेजमा)

ऋषिराम पाण्डे



नेपाली कांग्रेस नेता दिनेश कोइरालाको निर्माण रहेको फिल्म 'बिगुल' आगामी फागुन १ गतेदेखि देशभर प्रदर्शनमा आउँदैछ। फिल्मले राजनीतिक चेतना र सुशासनको मुद्दालाई मुख्य विषय बनाएको छ। रमेश कोइरालाले निर्देशन रहेको फिल्ममा बेनिशा हमाल, नरेन खड्का, नीर शाह, रमेश बुढाथोकी, विनोद न्यौपाने, शिशिर बाङ्देल, हेमन्त बुढाथोकी, गीता अधिकारी, रवीन्द्र खड्कालगायत नवअभिनेत्री मीरा पण्डितको पनि मुख्य भूमिका छ।

❐ वर्ष ३१ अंक १९१ ❐ २०८२ माघ २४ गते शनिबार 7 February 2026, Saturday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# पाल्पामा दुई हजार ४३ किशोरीलाई एचपीभी खोप लगाइँदै

## पाठेघरको मुखको क्यान्सरविरुद्धको यो खोप क–कसले पाउँछन् ?

**रामचन्द्र रायमाझी**

**पाल्पा,** माघ २३/ स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आइतबारदेखि किशोरीलाई पाठेघरको मुखको क्यान्सरविरुद्धको 'ह्युमन पापिलोमा भाइरस' (एचपीभी) खोप देशभरि नै लगाउने भएको छ । कक्षा ६ मा पढ्ने र विद्यालयबाहिर रहेका १० वर्ष उमेर समूहका किशोरीलाई खोप लगाउन लागिएको हो । सरकारले गत वर्षको एचपीभी खोप अभियानमा छुटेका हाल कक्षा ७ देखि १० सम्म पढ्ने छात्रा र ११ वर्षदेखि १४ वर्षका विद्यालयबाहिरका किशोरीलाई पनि सोही अभियानअन्तर्गत खोप लगाइदिने छ । देशभरबाट करिब तीन लाख ५० हजार बालबालिकालाई यो खोप दिइने छ । पाल्पामा पनि दुई हजार बढी किशोरीलाई खोप लगाउन



लागिएको छ । जिल्लाका दश स्थानीय तहमा रहेका एक सय ९६ वटा सामुदायिक र ३१ वटा संस्थागत विद्यालयका दुई हजार ४३ जना किशोरीलाई खोप दिन लागिएको स्वास्थ्य कार्यालय पाल्पाले तानसेनमा जिल्ला खोप समन्वय समितिको बैठक तथा पत्रकारहरुसँगको छलफल कार्यक्रमको आयोजना गरी जानकारी गराएको छ । यही माघ २५ गतेदेखि फागुन २ गतेसम्म अभियान सञ्चालन गर्ने निर्णय गरिएको स्वास्थ्य कार्यालयका निमित्त प्रमुख टुक प्रसाद पोखरेलले बताए । उनका अनुसार जिल्लामा कक्षा ६ मा अध्ययनरत एक हजार ९ सय ९५ जना, कक्षा ७ देखि १० सम्मका छुट ३५ जना, विद्यालय बाहिरका १० वर्ष उमेरका १२ जना र विद्यालय बाहिरका ११ वर्षदेखि १४ वर्ष उमेरका छुट एक जना किशोरी गरी दुई हजार ४३ जना किशोरीलाई खोप दिइने छ ।

जिल्लामा सबैभन्दा धेरै तानसेन नगरपालिकामा ४ सय ८५ जनाले खोप लगाउँदै छन् । यहाँ माघ २५ देखि फागुन २ गतेसम्म खोप लगाईने छ । त्यस्तै १० पालिका मध्ये सबैभन्दा कम बगनासकाली गाउँपालिकामा ९० जनालाई खोप लगाइँदै छ । यहाँ माघ २५ देखि २७ गतेसम्म खोप दिइने प्रमुख पाखेरलले बताए । यस्तै रामपुर नगरपालिकामा ४ सय ८ जना किशोरीलाई खोप दिइने छ । यहाँ माघ २५देखि फागुन १ गतेसम्म अभियान सञ्चालन हुने छ ।

(– बाँकी अन्तिम पेजमा...)

### संक्षिप्त समाचार

## बैतडी बस दुर्घटनामा मृतकको संख्या १३ पुग्यो

**बैतडी,** माघ २३ / जन्ती बोकेको बस दुर्घटना हुँदा मृत्यु हुनेको संख्या १३ पुगेको छ । आठ जनाको घटनास्थलमा र अन्य पाँच जनाको डडेल्धुरा अस्पतालमा मृत्यु भएको हो । बैतडीको पुर्चौंडी नगरपालिका-७ भवनेबाट बझाङतर्फ आइरहेको सुप प्र ०२ ००१ ख ११९९ नम्बरको बस पुर्चौंडी-७ बडगाउँ मोडमा बिहीबार दुर्घटनामा परेको थियो । बैतडीका प्रहरी प्रमुख दीपककुमार रायका अनुसार घटनास्थलमा बझाङको बित्थडचिर गाउँपालिका-७ का ४० वर्षीय केशवराज जोशी, सोही स्थानका १३ वर्षीय अशोकराज जोशी, ३५ वर्षीय वसन्त जोशी, ४१ वर्षीय विसनदत्त जोशी, बझाङकै केदारस्यु गाउँपालिकाका ६० वर्षीय मोहनदेव भट्ट, बझाङको जयपृथ्वी नगरपालिकाका ४० वर्षीय वसन्तराज रतला, बैतडीको पुर्चौंडी-७ निवासी ४० वर्षीया पुष्पा अवस्थीको घटनास्थलमा मृत्यु भएको हो । एक जनाको सनाखत हुन बाँकी छ । डडेल्धुरा अस्पतालमा बझाङको बित्थडचिर पालिका -७ का १७ वर्षका विसनदत्त जोशी, सोही स्थानका २८ वर्षीय दीपकराज जोशी, ४६ वर्षका किसनदत्त जोशी, केदारस्यु पालिका-७ बस्सीका २७ वर्षका केशवराज भट्ट र बैतडीको पुर्चौडी नगरपालिका ७ का १५ वर्षीय सुशील जोशीको मृत्यु भएको हो । दुर्घटनामा अन्य ३४ जना घाइते भएका छन् । घाइतेहरूको डडेल्धुरा, धनगढी र बझाङमा उपचार भइरहेको छ । उक्त बसमा वरवधु सवार थिएनन् ।*–रासस*

## योग गरौं, स्वस्थ जीवन अपनाऔं

-नियमित व्यायाम तथा योगले तनावबाट राहत दिन्छ।

-योग अभ्यासले शरीरलाई लचिलो, मनलाई शान्त र सोचलाई सकारात्मक बनाउँछ ।

-नियमित योगले उच्च रक्तचाप, मधुमेह, मोटोपन तथा तनावजन्य रोग नियन्त्रण गर्न मद्दत गर्छ ।

-बिहान वा साँझ कम्तीमा ३० मिनेट योग अभ्यास गर्ने बानी बसालौं।

-योग गर्दा स्वच्छ वातावरण, खाली पेट र सहज आसनको प्रयोग गरौं।

-बालबालिका, युवा, वृद्ध सबैका लागि योग लाभदायक छ ।

-योग उपचारात्मक भन्दा रोग निरोधात्मक विधि हो।

योग गरौं: स्वास्थ्य बनौं।

नेपाल सरकार

**विज्ञापन बोर्ड**

# लुम्बिनीमा तेस्रो अन्तरराष्ट्रिय बौद्ध सम्मेलन आयोजना हुने

**लुम्बिनी,** माघ २२/ बुद्ध जन्मस्थल लुम्बिनीमा तेस्रो अन्तरराष्ट्रिय बौद्ध सम्मेलन आयोजना हुने भएको छ । लुम्बिनी विकास कोषको विहीबार बसेको परिषद् बैठकले आगामी वैशाख पूर्णिमाका अवसर पारेर लुम्बिनीमा अन्तरराष्ट्रिय बौद्ध सम्मेलन आयोजना गर्ने निर्णय गरेको हो ।

लुम्बिनी विकास कोषका सदस्य सचिव एवं इञ्जिनियर दीपक श्रेष्ठले लुम्बिनीको पर्यटन प्रवर्द्धन तथा पर्यटक आगमन बढाउने उद्देश्यले अन्तरराष्ट्रिय समुदायमा लुम्बिनीको प्रचारप्रसारलाई नयाँ उचाइमा पुऱ्याउने लक्ष्यसहित आगामी वैशाख १६ र १७ गते सम्मेलन आयोजना गर्ने निर्णय गरिएको जानकारी दिए । संस्कृति, पर्यटन तथा नागरिक उपयनमन्त्री तथा



लुम्बिनी विकास कोषका अध्यक्ष अनिलकुमार सिन्हाको अध्यक्षतामा बसेको बैठकले अन्तरराष्ट्रिय बौद्ध सम्मेलनका लागि मूल आयोजक समारोह समिति गठन गरेको छ । समितिको संयोजक लुम्बिनी विकास कोषका उपाध्यक्ष डा. ल्हारक्याल लामा (खेन्पो छिमेछिरिङ) रहने गरी १० सदस्यीय मूल समारोह समिति गठन गर्ने निर्णय गरिएको हो ।सरकारले चालु आर्थिक वर्षमा सम्मेलन आयोजना गर्न तीन करोड बजेट विनियोजन गरेको छ । यसअघि देशमा भएको राजनीतिक तथा संरचनात्मक परिवर्तनका कारण नोभेम्बरमा आयोजना गर्ने भनिएको सम्मेलन २५७० औं बुद्ध जयन्तीको अवसर पारेर आगामी वैशाख १६ र १७ गत लुम्बिनीमा गर्ने तयारी कोषका सदस्य सचिव श्रेष्ठले जानकारी दिए । बुद्ध धर्म र दर्शनमार्फत विश्व शान्ति प्रवर्द्धन गर्दै दया, करुणा र विश्व बन्धुत्वको भावना फैलाउने उद्देश्यका साथ सम्मेलन आयोजना गर्न लागिएको मूल समारोह समितिका संयोजक डा लामाले जानकारी दिए । सम्मेलनमा विश्वका ६० भन्दा बढी देशका बौद्ध विद्वान, गुरु, विशिष्ट पाहुना तथा विभिन्न क्षेत्रका महत्वपूर्ण व्यक्तित्वको सहभागिता रहने उनले विश्वास व्यक्त गरे । (-**बाँकी अन्तिम पेजमा...**)

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## डिजिटल सुरक्षा चुनौती

आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनको मिति नजिकिँदै जाँदा देशभर डिजिटल सुरक्षा चुनौती बढ्दै गएको छ । सामाजिक सञ्जालमा फैलाइएका उत्तेजक सामग्रीले चुनौति बढेको हो । सामाजिक सञ्जालमार्फत फैलिने अफवाह, घृणात्मक अभिव्यक्ति र दुष्प्रचारले कुनै पनि बेला उत्तेजना भड्किन सक्ने जोखिम देखिएको छ । कहिले, कहाँ, के हुन्छ भन्ने अनिश्चितताले सुरक्षा चुनौती थप गहिरिएको पाइन्छ ।

डिजिटल प्रविधिले निर्वाचनमा प्रत्यक्ष भेटघाटका अतिरिक्त फेसबुक, भाइबर, युट्युब, टिकटक, ह्वाट्सएपको प्रयोगले राजनीतिक परिदृश्यलाई विस्तारै भूगोलबाट भर्चुयलतिर मोड्दै लगे पनि सुरक्षा चुनौति भने बढेर जानु चिन्ताको विषय हो ।

कुनै एक व्यक्ति वा समुदायको स्वार्थमा तयार पारिने डिजिटल सामग्रीले सबैतिर छरपष्ट हुने र सबैलाई हो कि जस्तो पार्ने गरी अन्योल सिर्जना गर्न सक्छ । यस्तो अवस्थामा सरकारले अनगुमगन गर्न आवश्यक छ । यस्ता गतिविधिलाई मध्यनजर गर्दै प्रहरीले सुरक्षा जोखिमको विश्लेषण गरी थप जनशक्ति परिचालन गरेको बताए पनि डिजिटल प्रयोग गरी विभिन्न भ्रम फैलाउने काम भने रोकिएको छैन । सामाजिक सञ्जाल र डिजिटल प्लेटफर्ममा प्रवाह हुने गलत सूचनाले मतदातालाई थप भ्रम फैलाएको छ । चुनावलाई आफ्ना पक्षमा राख्न यस्ता गलत र भ्रामक सूचनाको प्रयोग हुनुले चुनाव माथि प्रश्न उठ्ने गर्दछ । त्यतिबेला सुरक्षा निकाय पनि यस प्रकारको डिजिटल चुनौतीलाई तत्काल सम्बोधन गर्न तयार रहनुपर्छ । नेपाल प्रहरीले विशेष सफ्टवेयर र साइबर सेल गठन गरेर यस्ता भ्रामक सूचना फैलाउने तत्वलाई तत्काल पहिचान र नियन्त्रण गर्ने योजनालाई प्रभावकारी हिसाबले र कठाइका साथ अगाडि बढाउन आवश्यक देखिन्छ । यसो भयो भने मात्र चुनाव निष्पक्ष, पादर्शी हुन सक्छ । अन्यथा निर्वाचनमा धाँधली र हुलदङ्ग हुन सक्ने सम्भावना रहन्छ । यसर्थ सरकार र सम्बन्धित निकायले डिजिटल सुरक्षालाई कडाईका साथ अनुगमन गर्न जरुरी छ ।

### Opinion @ Socia Network

सित्तैमा कसैले केही गर्दैन
तपाइलाई हेरेर मुस्कुराउनेले पनि तपाई बाट मुस्कान कै अपेक्षा गरेको हुन्छ ।
*(सागर लम्सालको फेसबुक स्टाटसबाट www.facebook.com/Sagar.Lamsal)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# राज्य–निर्माणको कसीमा सुशासनको बहस



ऋषिराम पाण्डे

नेपालमा सुशासनको सवाल सधैं पेचिलो बन्दै आइरहेको छ । भदौ २३ को युवाहरूको प्रदर्शन र तत्पश्चात्को परिदृश्यमा सुशासन प्रमुख सवाल बनेको छ । सुशासन राज्य-निर्माणसँग जोडिएको विषय हो । यो आफैंमा अमूर्त र बहुआयामिक हुन्छ । यो देखिने चिज होइन, जनताले अनुभूत गर्ने विषय हो । राज्य-निर्माणको अवस्थाले सुशासनलाई प्रत्यक्ष रूपमा प्रभावित गर्दछ । यस आलेखमा राज्य-निर्माण र सुशासन बीचको अन्तरसम्बन्धको चर्चा गर्दै नेपालमा सुशासनका सवालहरूका बारेमा विवेचना गरिनेछ । राजनीतिशास्त्रमा राज्य-निर्माण र राष्ट्र-निर्माणले फरक-फरक अर्थ बोक्दछन् । पहिला राज्य-निर्माणको कुरा गरौं ।

राज्य-निर्माण भनेको राज्यका शासकीय संरचना, कानूनी र प्रशासनिक प्रणालीको विकास र सबलीकरणको प्रक्रिया हो। आर्थिक सहयोग तथा विकास संगठन ( ओईसीडी) ले राज्य-निर्माणलाई राजनीतिक प्रक्रिया, सुरक्षा, आर्थिक व्यवस्थापन तथा सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउने सन्दर्भमा राज्यको क्षमता, संस्थागत संरचना र वैधता निर्माण गर्न घरेलु तथा अन्तर्राष्ट्रिय पक्षहरूद्वारा गरिने उद्देश्यपूर्ण कार्य भनेको छ । विश्व बैंकले राज्य-निर्माणलाई नागरिकको विश्वास पुन:स्थापित गर्ने प्रक्रियासँग जोड्दै सुरक्षा, न्याय तथा रोजगारी उपलब्ध गराउने र नागरिकको विश्वास कायम राख्ने वैध संस्थाहरू निर्माण गर्ने प्रक्रियाका रूपमा व्याख्या गरेको छ । फ्रान्सिस फुकुयामाले राज्य-निर्माणलाई नयाँ सरकारी संस्थाहरूको स्थापना र विद्यमान संस्थाहरूको सुदृढीकरणको प्रक्रियाका रूपमा व्याख्या गरेका छन् । त्यसैगरी, रोलेन्ड पेरिस र टिमोथी सिस्कले अस्थिर वा द्वन्द्वपछिका परिस्थितिहरूमा राज्यको क्षमता, प्रभावकारिता र वैधता अभिवृद्धि गर्ने प्रयासलाई राज्य-निर्माणको रूपमा व्याख्या गरेका छन् । राज्य-निर्माण जनतालाई प्रभावकारी रूपमा शासन सञ्चालन र सेवा प्रदान गर्न सक्ने गरी राज्यका संस्थाहरूको क्षमता र वैधताको विकास गर्ने प्रक्रिया हो । राज्य-निर्माण अन्तर्गत व्यवस्थापिका, कार्यपालिका र न्यायिक प्रणालीको विकास र सुदृढीकरण, राजनीतिक दल र निर्वाचन प्रणालीको स्थापना र सबलीकरण, निजामती सेवा विकास, प्रशासनिक तथा कर्मचारीतन्त्रको क्षमता अभिवृद्धि, सार्वजनिक वित्तीय व्यवस्थापन, स्थानीय शासन प्रणाली तथा सेवा प्रवाहका संयन्त्रहरूको विकास, सुरक्षा क्षेत्रको सुदृढीकरण जस्ता कार्यहरू पर्दछन् । तर, राष्ट्र-निर्माण फरक विषय हो। राष्ट्र-निर्माण नागरिकहरू बीच साझा पहिचान, एकता तथा अपनत्वको भावना विकास गर्ने प्रक्रिया हो । राष्ट्र-निर्माणको उद्देश्य नागरिकहरू बीच एकता र साझा पहिचान विकास गराउनु हो । साझा मूल्यका आधारमा एकता, सद्भाव र अपनत्वको भावना सहितको सुसंगत राष्ट्रिय समुदाय निर्माण गर्ने प्रक्रियाले जनतालाई एकताको सूत्रमा बाँध्ने काम गर्दछ। पृथ्वीनारायण शाहद्वारा नेपाल चार जात छत्तीस वर्णको साझा फूलबारी हो भनी सुरुवात गरिएको अभियान राष्ट्र-निर्माणको अभियान थियो । राष्ट्र-निर्माण र राज्य-निर्माण फरक अवधारणा भए तापनि एक-आपसमा अन्तरसम्बन्धित छन्। राष्ट्र-निर्माणले पहिचान र साझा अपनत्वमा जोड दिन्छ भने राज्य-निर्माण संस्थागत संरचना र शासन प्रणालीमा केन्द्रित हुन्छ । यी दुवैले एक-अर्कालाई सुदृढ बनाउन मद्दत गर्दछन् । नेपालमा संघीयताको कार्यान्वयन पश्चात् राज्य-निर्माणको नयाँ अध्याय शुरु भएको छ। तीन तहका सरकारका शासकीय संरचनाको निर्माण र सबलीकरण, आ-आफ्ना अधिकार क्षेत्रभित्रका कानूनको निर्माण, सार्वजनिक प्रशासन संयन्त्रको विकास र शासकीय क्षमता अभिवृद्धि अहिले पनि अहम् महत्त्वका सवाल हुन्। संघीयता कार्यान्वयनको एक दशक नाघिसक्दा पनि प्रदेश र स्थानीय तहको संस्थागत विकास र सबलीकरण प्रमुख सवाल बनेको छ । संस्थागत विकास बहुआयामिक अवधारणा हो । संस्थागत विकासका लागि मूलत: चारवटा विषयवस्तुहरूमा ध्यान जान जरूरी हुन्छ- पूर्वाधार (भौतिक पूर्वाधार निर्माण र कानूनी प्रबन्ध), जनशक्ति व्यवस्थापन, कार्यप्रणाली विकास र आर्थिक प्रबन्ध। प्रदेश र स्थानीय तहले अहिले पनि संस्थागत विकासका क्षेत्रमा काम गर्न धेरै बाँकी छ । स्थानीय तहको संस्थागत विकासका क्षेत्रमा उचित ध्यान जान नसक्दा शासकीय क्षमताको अभिवृद्धि हुनसकेको छैन । संस्थागत सबलीकरणले सुशासन प्रवर्धन गर्न मद्दत गर्दछ।

**असल सरकार र असल शासन**

असल सरकार र असल शासन अर्थात् सुशासन एउटै कुरा होइनन्। सरकार असल हुँदैमा राज्यमा सुशासन छ भन्न सकिँदैन । पहिला असल सरकारको कुरा गरौं । राज्य-निर्माणको आँखाबाट हेर्दा मुलुकमा असल सरकार छ भन्नका लागि केही आधारभूत कुराहरू विद्यमान हुनुपर्दछ। यदि मुलुकमा राज्य सञ्चालनका तीनवटा निकाय व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाले स्वतन्त्र रूपमा काम गर्दछन् र तिनीहरूका बीचमा नियन्त्रण र सन्तुलनको अवस्था प्रभावकारी छस सरकार देशको सार्वभौमसत्ता, भौगोलिक अखण्डता र जनताको जीउधनको सुरक्षा गर्न सक्षम छस सरकार कानूनसम्मत तवरले सञ्चालन हुन्छ र सरकार जनहितकारी, दयालु र न्यायपूर्ण छ भने त्यस्तो अवस्थामा सरकार असल छ भनेर मान्नुपर्दछ । तर, सुशासन एक बृहत् अवधारणा हो । सुशासन सार्वजनिक नीति सम्बन्धी निर्णयहरू कसरी गरिन्छन् र ती निर्णयहरू कसरी कार्यान्वयन हुन्छन् भन्ने प्रक्रियासँग सम्बन्धित हुन्छ। यो सरकार वा सार्वजनिक क्षेत्र, निजी क्षेत्र तथा नागरिक समाज बीचको अन्तरक्रियाको परिणाम हो । यदि जनतामा प्रभावकारी, दक्ष र निष्पक्ष सेवा छिटो-छरितो रूपमा प्रवाह हुन्छ, जनताका आवाज सुनिन्छन् र तिनलाई सम्बोधन गरिन्छ, निर्णय-निर्माण प्रक्रियामा जनताको सहभागिता सुनिश्चित हुन्छ र सरकार, शासन व्यवस्था तथा पात्रहरूप्रति जनताको विश्वास कायम रहन्छ भने सुशासन छ भनेर मान्न सकिन्छ । शासनका लागि राज्यले नागरिक समाज र निजी क्षेत्रका आवाजहरूलाई सुन्ने र सोहीबमोजिम निर्णय लिने व्यवस्था हुनुपर्दछ। त्यसैले, सुशासनका लागि सरकार, नागरिक समाज र निजी क्षेत्रबीच सहकार्य आवश्यक छ।

**राज्य-निर्माण र सुशासनबीचको अन्तरसम्बन्ध**

सुशासन राज्यको संस्थागत क्षमता, वैधता र प्रभावकारितासँग प्रत्यक्ष रूपमा सम्बद्ध अवधारणा हो । राज्य-निर्माण र सुशासन एक-अर्कासँग अन्तरसम्बन्धित र पूरक अवधारणाहरू हुन्। राज्य-निर्माणले राज्यका आधारभूत संरचनाहरूको विकास र सुदृढीकरणमा जोड दिन्छ भने सुशासनले ती संस्थाहरू कसरी सञ्चालन हुन्छन् भन्ने प्रक्रियागत पक्षलाई केन्द्रमा राख्छ। त्यसैले, प्रभावकारी राज्य-निर्माण विना सुशासन सम्भव हुँदैन र सुशासन विना राज्य-निर्माण दिगो हुन सक्दैन । सुशासनको अभावमा राज्य-निर्माण कमजोर, अस्थिर र जनविश्वासहीन बन्न सक्छ। दुवै सँगसँगै अघि बढ्दा मात्र प्रभावकारी, वैध र जनउत्तरदायी राज्यको निर्माण हुने हो । पारदर्शिता, जवाफदेहिता, विधिको शासन र दक्ष प्रशासनिक प्रणालीले राज्यका संस्थाहरूलाई वैध, सक्षम र जनमुखी बनाउँछन्। जब संस्थाहरू सुशासनका मान्यताअनुसार सञ्चालन हुन्छन्, तब राज्यले नीति-निर्माण र कार्यान्वयनमा प्रभावकारिता हासिल गर्छ, जुन राज्य-निर्माणको मुख्य लक्ष्य हो । राज्यको वैधता र नागरिक-राज्य सम्बन्ध सुदृढ गर्न सुशासन निर्णायक हुन्छ । सुशासनका माध्यमबाट नागरिकको सहभागिता, समावेशिता र न्यायपूर्ण सेवा प्रवाह सुनिश्चित हुने हुँदा नागरिकको राज्यप्रतिको विश्वास बढ्छ । यही विश्वासले राज्यलाई सामाजिक वैधता प्रदान गर्छ, जुन राज्य-निर्माणको आधारभूत स्तम्भ हो । शान्ति, स्थायित्व र विकासका लागि पनि सुशासन र राज्य-निर्माणबीचको सम्बन्ध महत्त्वपूर्ण छ। सुशासनले भ्रष्टाचार नियन्त्रण, शक्ति सन्तुलन र विवाद समाधानका संयन्त्रलाई बलियो बनाउँछ, जसले द्वन्द्वको सम्भावना घटाउँछ । स्थिर र शान्त वातावरणमा मात्र पूर्वाधार विकास, मानव संसाधन विकास र आर्थिक विस्तार सफल हुन सक्छन्। फ्रान्सिस फुकुयामाका अनुसार, राज्यको क्षमता र सुशासन बीच प्रत्यक्ष सम्बन्ध हुन्छ । सक्षम प्रशासन, भ्रष्टाचार नियन्त्रण र प्रभावकारी सार्वजनिक सेवा प्रवाह विना राज्य-निर्माण केवल कानूनी वा संरचनागत अभ्यासमा मात्र सीमित रहन्छ । संघीय शासन प्रणाली अवलम्बनपश्चात्को संक्रमणकालीन अवस्थामा रहेको नेपालमा सुशासन र राज्य-निर्माणको सम्बन्ध अझ संवेदनशील र महत्त्वपूर्ण छ। संघीय संरचनाअन्तर्गत संघ, प्रदेश र स्थानीय तहमा प्रभावकारी सेवा प्रवाह, समन्वय र जवाफदेहिता सुनिश्चित गर्न सुशासन अपरिहार्य छ ।

**कर्मचारीतन्त्र र सुशासन**

सेवा प्रवाहसँग प्रत्यक्ष रूपमा जोडिएको कर्मचारीतन्त्र सुशासनको मुख्य चालक हो । तर, नेपालको कर्मचारीतन्त्रमा मुख्यत: दुईवटा समस्या छन्स् कार्यदक्षता र भ्रष्टाचार । न्यूनतम समय, श्रम र लागत प्रयोग गरी अधिकतम उपलब्धि हासिल गर्ने क्षमता कार्यदक्षता हो । विश्व बैंकले गरेको एक अध्ययन अनुसार नेपालको सरकारी सेवा प्रवाहको कार्यकुशलता र दक्षता दक्षिणएशियामा अफगानिस्तान बाहेक सबैभन्दा न्यून छ। कर्मचारीको समय जनताको करको रकमबाट जनताको कामका लागि राज्यले किनेको समय हो। त्यसैले, तोकिएको समयभित्र कर्मचारीले पूर्ण क्षमतामा काम गर्नुपर्दछ भन्ने अपेक्षा गरिएको हुन्छ। तर, नेपालको परिदृश्य फरक छ । यहाँ त्यस्तो हुँदैन । नेपालको सार्वजनिक क्षेत्रमा रहेर काम गर्ने कर्मचारीको वास्तविक कार्यकुशलता एवम् कार्यदक्षताको स्वतन्त्र रूपमा सर्वेक्षण गरी सार्वजनिक प्रशासनको पुनर्संरचना आवश्यक छ । डिजिटल गभर्नेन्सको प्रवर्धन गरी पूर्ण क्षमतामा कर्मचारीको परिचालन गर्ने हो भने तहगत सरकारमा हाल कार्यरत जनशक्तिमा ४० प्रतिशतले कटौती गर्दा पनि अहिलेको सेवा प्रवाहमा खासै फरक नपर्ने प्रशस्त आधार छन् । नेपालमा संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्दा कार्यबोझको विश्लेषण गर्ने परिपाटी नै विकास भएको छैन । पिरामिड आकारको संगठन संरचनालाई विचार गरी पदसोपान तयार गर्ने परिपाटीले गर्दा कर्मचारीको संख्या र कामको बीचमा तालमेल मिलेको छैन। एउटै व्यक्तिलाई फरक-फरक कामको जिम्मेवारी दिने प्रचलनको विकास नहुँदा कर्मचारीको कार्यक्षमता ज्यादै न्यून छ । नेपालमा सुशासन सुदृढीकरण एकल सुधारको विषय होइन, बरु बहुआयामिक संस्थागत रूपान्तरणको प्रक्रिया हो। संस्थागत सुदृढीकरण र सुशासन प्रवर्धनले मात्र राज्यको वैधता अभिवृद्धि गर्दै नागरिक-राज्य सम्बन्धलाई विश्वासयोग्य बनाउँछ । यसका लागि राज्यका संरचनाहरूको सबलीकरण र प्रणालीको विकास अनिवार्य शर्त हुन् । भ्रष्टाचार सुशासनको सवाल हो तर भ्रष्टाचार नै सुशासनको पर्याय चाहिं होइन । सुशासनका लागि शासकीय प्रणालीमा सुधार आवश्यक छ । शासकीय संरचनाहरू जति प्रभावकारी बनाउन सक्यो, राज्य त्यति नै बलियो बन्ने हो। राज्य बलियो हुँदा मात्र सुशासनलाई व्यावहारिक रूपमा कार्यान्वयन गर्न सम्भव छ। फुकुयामाले भने झैं राज्यको क्षमता नबढाई सुशासन कायम गर्न सकिँदैन । राज्य-निर्माणको केन्द्रीय उद्देश्य पनि यही नै हो ।

*-अनलाइन खबर डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : आँटिको कार्य पुरा होला । प्रेमसम्बन्धका लागि पनि श्रेष्ठ समय रहेको छ । | **तुला** : अरुलाई प्रभावित पारेर काम बन्नेछ । लाभदायी यात्रा पनि हुनेछ । |
| **वृष** : यात्राका साथै मन कमजोर रहला । आँटेको काममा अवरोध आउनसक्छ । | **वृश्चिक** : समाजसेवामा मन लाग्नेछ । नजिकको व्यक्तिबाट सहयोग पाइनेछ । |
| **मिथुन** : भाग्यले साथ दिनेछ । रोकिएका अधुरा कामहरू पुरा हुनेछन् । | **धनु** : लगनशीलताले कामहरू अगाडि बढ्नेछन् । जीवन सुखमय हुनेछ । |
| **कर्कट** : लामो समयदेखि रोकिएको कामको गाँठो फुक्नेछ । अवसर प्राप्त होला । | **मकर** : समयलाई मध्यनजर गर्दै काम गर्नुपर्छ । खर्चसमेत बढ्ने योग छ । |
| **सिंह** : अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला । अल्छीपना पनि बढ्नेछ । | **कुम्भ** : मिष्ठान्न भोजनको अवसर प्राप्त हुने योग छ । प्रेम जीवन पनि सफल रहनेछ । |
| **कन्या** :वैचारिक मतभेद सिर्जना हुनसक्छ सानातिना समस्यामा अल्झनुपर्नेछ । | **मीन** : नयाँ कार्यको थालनी हुनेछ । पढाइ लेखाइमा प्रगति हुनेछ । |

# साहित्य दर्पण

निबन्ध — प्रमाण अधिकारी

## झोला त म पनि बोक्छु

पाँच वर्षको उमेरमा पोखरा, रामबजारको कालिका माध्यमिक विद्यालय भर्ना भएका दिनदेखि मैले झोला बोक्न सुरु गरेको हुँ । विद्यालय भर्ना भएपनि सबै पुस्तक र कापीको व्यवस्था नहुञ्जेल सिसाकलम र एउटा कापीमात्र च्यापेर पनि केही दिन विद्यालय गएको थिएँ । विद्यालयमा शिक्षाआर्जन गरेर सकिए पनि उच्च शिक्षा हासिल गर्ने बेला विद्यालय पढ्दाताकाका जति नै किताब, कापी नहुने भएपनि झोला बोक्न चाहिँ छोडिएन । अथवा केही न केही सामान सधैं लिएर हिँड्नपर्ने भएपछि झोला नबोकी सुख पनि भएन । प्रवीणता प्रमाणपत्र तह, स्नातक तह र स्नातकोत्तर तहको विद्यार्थी हुँदा पनि झोला बोक्न छुटेन । भनेपछि कक्षा एकदेखि स्नातकोत्तरसम्म पढ्दा बितेका बीस वर्षमा झोला बोकिनै रहियो । पढ्ने बेला किताब, कापी र कलम बोकियो । चुँडिन लागेका फिता गाँसेर बोकियो । झोला मैलो हुँदा आमाले धोइदिएपछि बोकियो । पछि पछि ठुलो भएर आफैँ झोला धोएर बोकियो । यो झोलासँगको नाता पाँच वर्षको उमेरदेखि चालीसको दसकमा छिर्नछिर्न लाग्ने बेला हुँदा पनि बोकिरहेको छु । यो त एउटा शरीरको नछुट्टिने अङ्ग जस्तै पो बनिसक्यो । झोला बोकेर हिँड्दा हिँड्दा कुनै झोलाका फिता चुँडिए, कुनै च्यातिए, कुनै उ्एि । आजसम्म कतिवटा झोला फेरियो ठ्याक्कै याद भएन तर झोला बोक्न चाहिँ छोडेको छैन । गर्मीका बेला झोला बोक्दा पछाडि ढाड पसिनाले भिजेर कपडा पनि लछुप्पै भिजेका बेला यो झोला बोक्न नपरे हुन्थ्यो भनेर अनेक तरिका अपनाउन खोजियोह तर यो झोला भन्ने चिज नबोकी सुख भएको छैन । अब त झोला बोकेन भने मैले 'के बिर्सें के बिर्सें' भनेर दिमागलाई बढी तनाव भइरहन्छ । कतै बिर्सी पो हालियो कि भनेर मन ढक्क फुल्छ । विदेश गएका बेला त ठ्याक्कै एउटै झोला भएका साथी पनि एकै ठाउँ बस्दा झोला साटिएला भनेर अर्को तनाव पनि हुन्छ । कमिज र पाइन्टका गोजीमा किमती वस्तु नराखौँ भनेर जे पनि झोलामा राख्ने भएपछि झोला हरायो भने सर्वस्व नै हराउने चिन्ता पनि हुने रहेछ । त्यसैले झोलासँगको सम्बन्ध निकै गहिरो बनेको छ । उपन्यासकार कृष्ण धराबासीले पनि यही झोला खोतल्दा ऐतिहासिक विवरण फेला पारेका थिए । यही झोलाका नाममा उनले उपन्यास लेखे । उपन्यासमा आधारित भएर चलचित्र पनि बन्यो अनि चर्चित पनि । बीस वर्षे सक्रिय विद्यार्थीकालभरि झोला बोकियो । पढ्ने र सिक्ने कुरा त मृत्युशय्यासम्म पुग्दा पनि चलिरहन्छ । पढाइपछि जीविकाका लागि गरिने कामको प्रकृतिले पनि फेरि झोला नबोकी सुख पाइएन । एकाबिहानै हलो र जुवा बोकेर खेततिर हिँडेजस्तो झोलामा ल्यापटप र त्यसको चार्जर, मोबाइलका चार्जर, टिपोट राख्न एउटा कापी र एउटा कलम बोक्न पनि झोला नबोकी भएन । कार्यालय जाँदा ल्यापटप बोक्न, अस्पताल जाँदा फाइल बोक्न, घरबाहिर जाँदा कपडा र सामान बोक्न, बैठकमा जाँदा डायरी र कलम बोक्न, घुम्न निस्किँदा छाता, पानी आदि बोक्न, छोराछोरीका सामान बोक्न झोला अपरिहार्य वस्तु भएको छ । यस्तो महत्त्वपूर्ण जिनिस मेरा लागि दृष्ट अवस्थामा नै हुनुपर्छ । कार्यालयमा पनि मेरैछेऊ बस्छ । गन्तव्यमा नपुगुञ्जेल मेरै बुई चढेको हुन्छ । घर पुगेर बिसाए पनि त्यसले बोकेका सामान, बच्चाका लागि कौतुहलताका पोका बोकेको झोला सुत्नेबेला पनि मेरै वरपर हुनुपर्छ । त्यसैले यो निर्जीव वस्तु भएर पनि परिवारको सदस्यजस्तो भएको छ । यसप्रतिको चासो, यसको प्रयोग र उपादेयता अनि स्याहार हाम्रा लागि नियमित काम बनेका छन् । कार्यालयमा कहिलेकाहीँ झोला नभिरी पुगियो भने, बाटामा कुनै साथी वा छिमेकीले भेटेका बेला म कुनै काममा हिँडेको, कुनै प्रयोजनले हिँडेको भनेर पत्याउँदैनन् । "झोला खोइ?" भन्ने प्रश्न उनीहरूका मुखारविन्दबाट निस्किहाल्छ । जिन्दगीमा झोला त नियमित नै बोकिँदो रहेछ । यो झोला यति महत्त्वको होला र यसका बारे यतिका कुरा लेखिएला भन्ने चाहिँ लागेको थिएन । झोलाप्रतिको माया, घृणा, झ्याउ, यसबारेको स्मृति, घटना जेजस्तो भएपनि हामी झोला बोक्ने जति सबैलाई झोले भन्न मिल्नेरहेछ । म पनि झोले रहेछु । जिन्दगीमा तीन दसकभन्दा बढी झोला बोकेको मान्छे झोले होइन भनेर पनि कसरी भन्नु । मेरा बाले पनि झोला बोकेर नै जिन्दगी गुजार्नुभयो । काँधमा एकापट्टी भिर्ने झोला प्राय: बुनेर बनाइएका घरबुना झोला उहाँले प्रयोग गर्नुभयो । पछि ल्यापटप बोक्नका लागि बनाइने ब्यागजस्ता काला झोला बोकेर पृथ्वीनारायण क्याम्पस पोखरामा पढाउने डायरी, किताब, कलम आदि बोकेर नै उहाँको जीविका अगाडि बढ्यो । त्यस झोलाले कति प्रगतिवादी साहित्यका कृतिको पाण्डुलिपि बोक्यो । कति परीक्षार्थीका भविष्य निर्धारण गर्ने उहाँले जाँचेका उत्तरपुस्तिका बोक्यो । मेरा बालाई पनि झोले भन्न मिल्ला तर हाम्रो समाजले अर्थसङ्कुचन गरेको झोले चाहिँ उहाँ बन्नुभएन । झोले भन्ने शब्दलाई नेपाल प्रज्ञा-प्रतिष्ठानले प्रकाशन गरेको 'प्रज्ञा नेपाली बृहत् शब्दकोश'ले तीनवटा परिभाषामा समेटेको रहेछ । झोला बोक्ने झोले, अर्काको झोला बोक्ने झोले र झोलिलो वा रसिलो झोले । अर्काको झोला बोक्ने भन्ने परिभाषाको अभिधेयार्थ स्पष्ट नै छह तर यसको भावार्थले अर्को अर्थ पनि दिन्छ । भावार्थ व्यक्तिका आआफ्ना व्याख्याका आधारमा फरक फरक हुनसक्छन् । मैले कसैलाई सहयोग गर्न झोला बोकेँ भने पनि म झोले हुनसक्छु तर यसको लाक्षणिक अर्थले के सङ्केत गर्छ भन्ने कुरा हामी आफैँले बुझ्नुपर्ने अवस्था छ । कसैको झोला बोक्नु भनेको भौतिक रूपमा देखिने झोला नभई अदृश्य व्यक्ति वा संस्थाका रुचि, स्वार्थ र अभिष्ट पूरा गरिदिनका लागि सहयोगी भूमिका निभाउन गरिने क्रियाकलाप हो भन्ने म ठान्छु । यस किसिमको भूमिका निर्वाह गर्नेलाई दोस्रो प्रकारको झोले भन्ने होला भन्ने मेरो अनुमान छ । गलत र भ्रमपूर्ण सूचना दिने खालको पत्रकारिता भनेर अर्थ्याइएको शब्द पीतपत्रकारिता पनि त्यसरी नै आरोप लगाउने गरिएका झोले पत्रकार भन्ने शब्दले दिने अर्थ होला भन्ने मेरो बुझाइ छ । कुनै व्यापारीका खातिर, राजनीतिक नेताका खातिर, कुनै कर्मचारीका लागि वा कुनै उद्योगपतिका पक्षमा नराम्रो, नकारात्मक सूचना सम्प्रेषण नगर्ने, उनीहरूलाई चोख्याउन र जोगाउन भूमिका खेल्ने केही पत्रकार र प्रकाशन संस्थाका कारण उनीहरूलाई पनि झोलेको आरोप लाग्ने गरेको हुनसक्छ । कुनै व्यापारी, उद्योगीका पक्षमा सरकारका नीति र कार्यक्रम बनाउने वा तिनमा हेरफेर गर्न भूमिका खेल्ने वा सहयोग गर्ने झोले कर्मचारी पनि होलान् हाम्रा राज्य संरचनामा । नियमित रूपमा प्रकाशमा आइरहने समाचार र तिनका घटनाक्रमका आधारमा पनि यस किसिमका कुरा लेख्न धक मान्नुपर्ने अवस्था छैन । नीतिगत भ्रष्टाचारका सन्दर्भमा यस किसिमका झोलेहरूको भूमिका प्रशंसायोग्य ठहरिन्छ होला स्वार्थसमूहका लागि । यस्ता सन्दर्भका प्रमाण यत्रतत्र भेटिने गर्छन् । राजनीतिक पार्टीमा आबद्ध कार्यकर्ता वा समर्थकले नेतृत्वको समालोचना नगर्ने वा गर्न नपाउने र सम्बन्धित नेतृत्वले चुइँक्क विरोधका आवाज उप्कन नदिने वातावरणको सिर्जना गर्ने गरेका गुनासा पनि यदाकदा बाहिर सञ्चारमा आइरहेकै छन् । जसका कारण ती व्यक्तिहरूले आलोचनात्मक चेत गुमाएका छन्, केही पाइहालिएला कि भनेर लुत्रुक्क परेका छन् र नेपालगञ्जको घोडा जसरी एकसुरे, एकाङ्गी भइसकेका छन् । तिनीहरू कुनै संश्लेषण, विश्लेषणविना खुरुखुरु आज्ञापालन गर्ने व्यक्तिका रूपमा प्रतिस्थापित पनि भएका छन् । राजनीतिक पार्टीका यस किसिमको प्रवृत्तिले उत्पादन गर्ने भनेको झोले कार्यकर्ता नै हो । नेतृत्व विकास, समतामूलक प्रतिनिधित्व, अन्तरपार्टी लोकतन्त्र र जनतासम्म पुग्ने अवसरलाई यस किसिमको प्रवृत्तिले हानी गर्ने कुरामा दुईमत नहोला । अर्कातर्फ झोलामै छाप र लेटरहेड लिएर गैर सरकारी संस्था चलाउने झोले एनजीओ पनि प्रशस्तै थिए र अहिले पनि छन् । भाषाको प्रयोग सँगसँगै कुनै पनि शब्दको अर्थसङ्कुचन र अर्थविस्तार हुने प्रक्रियाको सिकार भएर हाम्रा किरा जातिका अरिङ्गाल पनि यहाँ बदनाम भएका छन् । यिनीहरूको राजनीतिक पार्टीसँग केही लिनुदिनु छैन तर यिनीहरू नकारात्मक मानकका रूपमा स्थापित गराइएका छन् । सामाजिक सञ्जालको व्यापक प्रयोग र बढ्दो प्रभावका कारण कसैलाई आक्रमण गर्ने र त्यसको प्रत्याक्रमण अर्को समूहले गर्ने काममा यी डिजिटल अरिङ्गाल सक्रिय रहन्छन् । रामायणका कथामा चर्चा हुने राम र सीताका भक्त हनुमान पनि यसरी नै बदनाम छन् । कुनै व्यक्तिको रक्षामा उत्रिए, उसको बचाउ गरे, ती सबै रक्षक र समर्थक, हनुमान कहलिने अहिलेको अवस्था छ । तिनीहरू झोला नबोकी यी सबै काम गर्छन् तर पनि तिनीहरूलाई झोलेका रूपमा व्याख्या गर्न सकिन्छ । चेतनाशून्य र बौद्धिक लाचारी अर्थसङ्कुचन भएका झोले, अरिङ्गाल र हनुमानको विशेषता हो । तर्क र सिद्धान्तले यिनीहरूसँगको वादविवादमा काम गर्दैन । के चलायो मुखमा छिटा र मुर्खदेखि दैव डराउने कुरा मनन् नगरी यस किसिमका झोलेसँग पौँठेजोरी खेलियो भने दुख पाउने आफूले नै हो । यति हुँदाहुँदै पनि झोलाका सच्चा प्रयोगकर्ताका लागि भने झोलाको महत्त्व घट्नेवाला छैन । यो हाम्रो जीवनमा अझै केही समय महत्त्वपूर्ण अङ्गका रूपमा रहिरहने छ । हामी यसको प्रयोगलाई निरन्तरता दिइरहने छौँ । कसैले झोले भन्ला भनेर पीर पनि गर्ने छैनौँ । किनकि झोला बोक्नेलाई झोले भनेर नै भन्ने हो । फरक यत्ति हो हामी त्यो झोलामा किताब, कापी, कलम, अत्यावश्यक सामान राख्छौँ न कि कसैको बिकाउ विचार, एकाकी तर्कका दस्तावेज, स्वार्थी अभीष्ट र क्षणिक लाभ । बोक्नेछौँ त केवल विचार, सिद्धान्त र सैर्षको कथागाथा, दूरगामी सोच, समानताको लक्ष्य र समाजवादी भविष्य । मेरो झोला मसँगै छ । म अरू कसैको झोला बोक्दिन । म झोले हुँ । मलाई यो नामसँग कुनै गुनासो छैन ।

*-समकालीन साहित्य डटकम*

कथा — लक्ष्मी रिजाल

## टोपीभित्रको मान्छे

*टोपीको रङ्ग फेरियो होला, तर तेरो ढङ्ग फेरिएन भने यो कपडाको टुक्रोको के अर्थ ? तँलाई साँच्चै लाग्छ यस टोपीले तेरो विचारको नाङ्गोपनलाई छोप्न सक्छ ? यहाँ त मान्छेले विचारलाई नै टोपी बनाएर शिरमा सजाउन थालेका छन्, जहाँ देश होइन, स्वार्थको खेती गरिन्छ ।" रुत्यति नै बेला चोकमा एउटा ठूलो जुलुस आइपुग्यो । त्यहाँको दृश्य कुनै भव्य नाटकको पटाक्षेप जस्तै थियो । भीडमा एउटा ठूलो कोलाहल मच्चियो । कसैले हातमा 'लौरो' बोकेर त्यसको साहसको गाथा यसरी गाउँदै थिए, मानौँ त्यो निर्जीव काठको लौरोले मात्र देशको भ्रष्टाचारको अभेद्य पहाडलाई एकै प्रहारमा पल्टाउन सक्छ । अर्को कुनामा 'चिम' को उज्यालोको वकालत गर्नेहरूको एउटा टोली थियो ।*

पुस महिनाको त्यो बिहानीमा शिशिरको ठिहीले काठमाडौँको नशा-नशामा चिसो सञ्चार गराइरहेको थियो । सूर्यका सुनौला र कलिला किरणले उत्तरका हिमाली दन्तलहरलाई बिस्तारै कुत्कुत्याउन थालेका थिए । प्रकृतिले कुनै नववधुको घुम्टो उघार्दै गरे जस्तो थियो । काठमाडौँको मुटु मानिने रत्नपार्क र असनका पुराना गल्लीहरूमा भने आज अर्कै रङ्गीन आभा छरिएको थियो । सडकका भित्ता र बिजुलीका पोलहरूमा 'राष्ट्रिय टोपी दिवस- २०८२' का ब्यानरहरू पुसको सिरोटोसँग जिस्कँदै फहराइरहेका थिए । ती केवल कपडाका टुक्रा थिएनन्, ती त नेपाली अस्मिताका मौन तर जिउँदा साक्षीझैँ लाग्दथे । रुम पनि आज बिहानै एउटा अनौठो उत्साहका साथ ओछ्यानबाट जुरमुराएँ । ऐनाको अगाडि उभिँदा मेरो प्रतिविम्बले मलाई नै प्रश्न गरिरहेको थियो । हातमा नयाँ पाल्पाली ढाका टोपी थियो । त्यसको बनावटमा केवल रातो, निलो र हरियो धागोको सङ्गम मात्र थिएन, त्यसमा त पुर्खाहरूको कडा पसिनाको बास्ना र वीरताको गौरवपूर्ण सुगन्ध पनि लपक्कै टाँसिएको भान हुन्थ्यो । जब मैले त्यो टोपी आफ्नो शिरमा सजाएँ, मेरो छाती गर्वले सगरमाथाझैँ गजक्क फुल्यो । मलाई लाग्यो, म कुनै सामान्य नागरिक होइन, म त एउटा सिङ्गो इतिहासको उत्तराधिकारी हुँ । तर, यो गर्विलो अनुभूति धेरै बेर टिक्न सकेन । जब म चोकमा निस्किएँ, त्यहाँको कोलाहल र भीडले मेरो प्रफुल्ल मनमा एउटा चिसो तुवाँलो पसाइदियो । चोकको बीचमा मेरो बाल्यकालको अभिन्न मित्र सुवास उभिएको थियो । उसलाई देख्ने बित्तिकै म मुस्कुराउन खोजेँ, तर उसको नजर मेरो शिरमा आएर यसरी अड्कियो, मानौँ उसले त्यहाँ कुनै विजातीय वस्तु देखिरहेको छ । उसले ओठमा एउटा व्यङ्ग्यको धमिलो मुस्कान छर्दै मतिर पाइला चाल्यो । उसले प्रहार गर्ने शब्दका वाण कुनै धारिलो खुकुरीको प्रहारभन्दा कम घातक थिएनन् । रु"तँ अझै कसको टोपीको ओत लागेर उभिएको छस् हँ ?" सुवासले सोधेको यो प्रश्नले मेरो आत्मविश्वासको जगलाई नै हल्लाइदियो । रुम केही क्षण अक्कबक्क परेँ । मैले अलिकति हच्किँदै आफ्नो निधारको टोपी सुम्सुम्याएँ र भनेँ, "टोपी त टोपी नै हो नि मित्र ! यसमा कसको नाम लेखिएको हुन्छ र ? यो त मेरो पहिचान हो, मेरो राष्ट्रको मौन गौरव हो । के आफ्नो पहिचान पहिरिनु पनि कसैको ओत लाग्नु हो र ?" रुसुवासले दार्शनिक मुद्रामा फिस्स हाँस्दै फेरि भन्यो, "बाबु, समय बलवान् छ । हिजो तँ खरायो, बाघ र हतौडाको छाप लागेका टोपीहरू भिरेर यो सडक नाप्ने गर्थिस् । आज नयाँ रङ्गको टोपीमा ठाँटिएर राष्ट्रियताको गीत गाउँदै छस् । टोपीको रङ्ग फेरियो होला, तर तेरो ढङ्ग फेरिएन भने यो कपडाको टुक्रोको के अर्थ ? तँलाई साँच्चै लाग्छ यस टोपीले तेरो विचारको नाङ्गोपनलाई छोप्न सक्छ ? यहाँ त मान्छेले विचारलाई नै टोपी बनाएर शिरमा सजाउन थालेका छन्, जहाँ देश होइन, स्वार्थको खेती गरिन्छ ।" रुत्यति नै बेला चोकमा एउटा ठूलो जुलुस आइपुग्यो । त्यहाँको दृश्य कुनै भव्य नाटकको पटाक्षेप जस्तै थियो । भीडमा एउटा ठूलो कोलाहल मच्चियो । कसैले हातमा 'लौरो' बोकेर त्यसको साहसको गाथा यसरी गाउँदै थिए, मानौँ त्यो निर्जीव काठको लौरोले मात्र देशको भ्रष्टाचारको अभेद्य पहाडलाई एकै प्रहारमा पल्टाउन सक्छ । अर्को कुनामा 'चिम' को उज्यालोको वकालत गर्नेहरूको एउटा टोली थियो । उनीहरू अँध्यारोमा दियो बालेर समस्याको समाधान खोज्नुभन्दा कृत्रिम उज्यालोको भ्रमपूर्ण रङ्गीन सपना बेच्न बढी व्यस्त देखिन्थे । अलि पर, एक हुल मानिसहरू हातमा 'घण्टी' बजाउँदै आकाशै थर्किने गरी आक्रोश पोखिरहेका थिए । उनीहरूको एउटै स्वर थियो, "घण्टीमाथि मात्र किन वज्रपात ?" रुयी राजनीतिक दलका अनेकौँ चिह्न र विचारका नाममा कित्ताकाट गरिएका टोपीहरू देख्दा मेरो मन भारी भएर आयो । लाग्थ्यो, नेपाली शिरहरू अब साझा राष्ट्रियताको चौतारी रहेनन् । ती त राजनीतिक दलहरूले अंशवण्डा गरेका जग्गाका प्लटहरू जस्ता भइसकेका छन् । कसैको शिरमा विचारको भारी छ, कसैकोमा स्वार्थको बोझ, तर साँचो राष्ट्रियताको सुगन्ध कतै हराएको जस्तो । रुयही कोलाहल र भीडको एक कुनामा, चिया पसलको एउटा पुरानो पेटीमा एक वृद्ध बसिरहेका थिए । उनको आङमा फाटेको भोटो थियो, जसले गरिबीको एउटा लामो कथा भनिरहेको थियो । तर सबैभन्दा रोचक त उनको शिरमा भएको त्यो टोपी थियो । त्यो टोपीको रङ्ग समयको थपडी र घामपानीले यसरी खुइल्याइसकेको थियो कि त्यसको मौलिक बुट्टा चिन्न पनि गाह्रो पर्दथ्यो । त्यो झुत्रो थियो, मैलो थियो, तर ती वृद्धले त्यसलाई यसरी प्रेमपूर्वक सम्हाल्दै थिए, मानौँ त्यो कपडाको टुक्रो नभएर उनको प्राणको अन्तिम त्यान्द्रो हो । रुहाम्रो बहस सुनिरहेका ती वृद्धले एउटा लामो र चिसो सुस्केरा हाले । उनका चाउरिएका गालाहरूमा अनुभवका अनगिन्ती रेखाहरू स्पष्ट देखिन्थे । उनले मतिर आफ्ना धमिलो भइसकेका आँखाले हेर्दै भने, "बाबु, टाउको बाहिरको टोपी फेर्न त एउटा क्षण र केही पैसा भए पुग्छ, तर यो टाउकोभित्र गहिरोसँग गढेको डर र दासताको मानसिकता फेर्न त जुगौँ लाग्दो रहेछ ।" रुउनका ती शब्दहरू 'आकाशको गर्जन' झैँ मेरो कानमा गुञ्जिरहे । उनले फेरि थपे, "हामीले टोपीलाई रङ्गमा बाँड्यौँ, विचारलाई सस्तो स्वार्थमा साट्यौँ । तर यो भुल्नु हुँदैन कि टोपीले त केवल शिर ढाक्ने हो, देश त सफा विचारले मात्र उठाउने हो । जबसम्म तिम्रो शिरभित्र अर्काको गुलामीको बीउ जीवित रहन्छ, तबसम्म जतिसुकै महँगो र आकर्षक ढाका टोपी लगाए पनि तिम्रो शिरले कहिल्यै स्वाभिमानको उचाइ छुन सक्दैन ।" रुवृद्धका ती तीता तर सत्य शब्दले म स्तब्ध भएँ । उत्सवको त्यो झकिझकाउ माहोल, सेल्फी खिच्नेहरूको भीड र चर्का नाराहरूका बीचमा सबैका शिर त ढाकिएका थिए, तर ती शिरभित्र लुकेका प्रश्नहरू भने नाङ्गै सडकमा नाचिरहेका झैँ लाग्थे । यो सुन्दर ढाकाको टोपीभित्र कतिजनाका इमानदारीका मौन कथाहरू दबेका होलान् ? कतिजनाले केवल सामाजिक सञ्जालमा 'फेसन' प्रदर्शन गर्नका लागि यसलाई भिरेका होलान् ? रुमैले आफ्नो अन्तरात्मालाई सोधेँ- "टोपीको रङ्ग र नाम त जसको भए पनि होला, तर यो विलासी ढाँचा र देखावटी स्वाभिमानका लागि बगेको आम नेपालीको रगत र पसिनाको मूल्य आखिर कसले चुकाउँदै छ ?" के टोपी दिवस मनाउनुको अर्थ केवल वर्षमा एक पटक एउटा फोटो खिचेर 'हाम्रो शान' भन्दै प्रचार गर्नु मात्र हो ? कि टोपीले सिकाएको मर्यादा, पुर्खाले धानेको स्वाभिमान र अजेय राष्ट्रियतालाई आफ्नो दैनिक व्यवहारमा उतार्नु पनि हो ? रुमैले आफ्नो शिरको टोपीलाई फेरि एकपटक कसिलो गरी बाँधेँ । तर यसपटक त्यो केवल प्रदर्शनका लागि मात्र थिएन, एउटा गम्भीर जिम्मेवारीका लागि पनि थियो । चोकमा बजेका घण्टीहरू, देखाइएका लौरोहरू र बालिन खोजिएका चिमहरूका बीचमा मैले ती वृद्धको त्यो झुत्रो र मैलो टोपीमा लुकेको 'वास्तविक नेपाल' देखेँ, जो अभावमा पनि गौरवका साथ बाँचिरहेको छ । रुटोपी केवल धागो र बुट्टाको संयोजन होइन, यो त हाम्रा पुर्खाहरूको बलिदान र इतिहासको एउटा जीवन्त पाण्डुलिपि हो । जबसम्म हाम्रा विचारहरू स्वार्थको हिलोमा डुबिरहन्छन् र हामी अरूको वैशाखी टेकेर हिँड्न रमाउँछौँ, तबसम्म यस्ता दिवसहरू मनाउनुको कुनै तुक छैन । साँचो टोपी दिवस त तब मात्र सार्थक हुनेछ, जब प्रत्येक नेपालीको शिर कुनै राजनीतिक रङ्गको ओत बिना, आत्मसम्मानले यसरी ठडिनेछ कि त्यसले विश्वको मानचित्रमा आफ्नो छुट्टै पहिचान स्थापित गर्नेछ । शिरमा टोपी हुँदैमा कोही ठूलो हुँदैन, शिरभित्रको सोच कति सफा र देशप्रेमी छ, त्यसले मात्र मान्छेको वास्तविक कद नाप्छ ।

*-साहित्यपोस्ट डटकम*

# ‘झुटा सूचनाले समाजलाई गम्भीर समस्या’




**लुम्बिनी,** माघ २३/नेपाल कम्युनिष्ट पार्टी एमालेका उपाध्यक्ष विष्णुप्रसाद पौडेलले झुटा सूचनाका कारण समाजमा गम्भीर समस्या देखिएको बताएका छन् । उनले झुटा सूचनाको फैलावटले समाजमा समस्या सिर्जना गरिरहेको बताए । प्रेस चौतारी नेपाल रूपन्देहीले आयोजना गरेको कृत्रिम बुद्धिमत्ता ( एआई)सम्बन्धी तालिमको शुक्रबार बुटवलमा उद्घाटन गर्दै उपाध्यक्ष पौडेलले सामाजिक सञ्जालमार्फत फैलिँदै गएको भ्रमपूर्ण सूचनालाई रोक्न पत्रकार जिम्मेवार र सचेत हुनुपर्नेमा जोड दिए ।

“समाजमा झुटो सूचनाको बिगबिगी छ । सामाजिक सञ्जाल झुटो सूचना फैलाउने माध्यमका रुपमा विकास भइरहेका छन्, यसलाई रोक्न सकिएन भने समाजमा गम्भीर समस्या पैदा हुन्छ”, उनले भने, “झुटो भ्रमपूर्ण सूचनालाई रोक्न पत्रकार जिम्मेवार र सचेत हुनुपर्छ ।” विज्ञान र प्रविधिले मानवीय जीवनमा ठूलो परिवर्तन ल्याइरहेको भन्दै पौडेलले विज्ञान तथा प्रविधिको विकाससँगै विश्व साँघुरो बन्दै गएकाले यसको प्रयोग मानवहितका लागि हुनुपर्ने बताए । उनले विज्ञान र प्रविधिले जति नै ठूलो परिवर्तन गरे पनि मानिस नै अन्तिम सत्य हुने स्पष्ट पारे । उनले प्रविधिले मान्छेको ज्ञान र विवेकलाई विस्थापित गर्न नसक्ने पनि बताए । उपाध्यक्ष पौडेलले सामाजिक सञ्जालमा फैलिने झुटा सूचनाले समाजलाई समस्यातर्फ धकेल्ने बताए । उनले यस्ता सूचनाको पहिचान र नियन्त्रणमा पत्रकारको भूमिका निर्णायक हुने बताउँदै प्रविधिको प्रयोग गर्दा सत्य, तथ्य र जिम्मेवारीलाई केन्द्रमा राख्न आग्रह गरे । प्रेस चौतारी नेपालको २८औँ स्थापना दिवसको अवसरमा आयोजिक तालिममा रुपन्देहीमा क्रियाशील २ दर्जन बढी पत्रकारको सहभागिता रहेको छ । तालिमको प्रशिक्षकमा एआई विज्ञ अजय शर्मा र अमृत पन्थी रहेका छन् ।-*रासस*

# पाल्पामा दुई हजार...

...पूर्वखोला गाउँपालिकामा १ सय १० जनालाई खोप लगाइने छ । यहाँ माघ २५देखि २६ गतेसम्म लगाइने छ । यस्तै रम्भा गाउँपालिकामा १ सय २५ जना किशोरीलाई खोप लगाइने छ । जहाँ माघ २५देखि २८ गतेसम्म दिइने छ । रिब्दीकोट गाउँपालिकामा १ सय ११ रैनादेवी छहरा गाउँपालिकामा २ सय ९ जना, तिनाउ गाउँपालिकामा १ सय ६९ जना, माथागढी गाउँपालिकामा १ सय ९१ जना र निस्दी गाउँपालिकामा १ सय ४५ जनालाई खोप दिइने छ । यी पालिकाहरुमा माघ २५ देखि २७ गतेसम्म खोप लगाईने छ । खोप कार्यक्रमका लागि आवश्यक तयारी सकिएको स्वास्थ्य कार्यालयका प्रमुख पोखरेलले बताए । उनले भने “ खोपका लागि हामीले ४ सय ५४ जना स्वास्थ्यकर्मी र २ सय २७ जना स्वयमसेवक परिचालित गर्दै छौं । अहिले हालसम्म वडा र पालिका खोप समन्वय समितिसँगको बैठक सकिएको र सबै जना आइतबारदेखि सुरु हुने अभियानका लागि तयारी हुनुन्छ ।”

खोप प्रभावकारी भएकाले सबै किशोरीहरुलाई पाठेघरको मुखको क्यान्सरबाट जोगाउन सरकारले खोप अभियान सञ्चालन गरेको स्वास्थ्य कार्यालयका फोकल पर्सन विश्वनाथ न्यौपानेले जानकारी दिए । पछिल्लो समय नेपालमा महिलाको पाठेघरको मुखको क्यान्सर प्रमुख स्वास्थ्य समस्याका रूपमा देखा परेकाले रोग नियन्त्रणका लागि अभियान फलदायी हुने अपेक्षा लिइएको न्यौपानेले बताए ।

चाईनामा बनेको सिकोलिन ब्राण्डको एचपिभी खोप महिलाको बायाँ पाखुराको मांसपेशीमा सुईमार्फत दिइने उनले जानकारी दिए । न्यौपानेले क्यान्सर भएका, एलर्जी हुने, अपरेसन गरेका, सिकिस्त बीरामी बाहेक अन्य व्यक्तिले खोप लगाउन मिल्ने बताए । कार्यक्रममा खोप समन्वय समितिका संयोजक तथा जिल्ला समन्वय समितिका प्रमुख टंकनाथ खनालले महिलाहरूमा हुने पाठेघरको क्यान्सर जस्तो घातक रोगबाट भविष्यका कर्णधारको रूपमा रहेका बालिकाहरूलाई पूर्णरूपमा बचाउनको लागि सबैको महत्वपूर्ण भूमिका रहने भएकाले अभियानको प्रचार-प्रसार गरिदिन जिल्लाका पत्रकारहरुलाई आग्रह गरे ।

**के हो एच.भि.पि. खोप ?**

यो एक प्रकारको भाईरस हो । यसलाई ह्युमन प्यापिलोमा भाईरस भनिन्छ । पाठेघरको मुखको क्यान्सरको प्रमुख कारक तत्व यही एच.पि.भी. हो । यो भाईरसको २०० भन्दा बढी किसिमका प्रजातिहरू हुन्छन् । तीमध्ये १२ वटा प्रजाति पाठेघरको मुखको क्यान्सर गराउने कारक तत्व मानिन्छ भने यसमध्ये पनि प्रजाति १६ र प्रजाति १८ प्रमुख कारण हुन भन्ने कुरा विभिन्न अध्ययनहरूले देखाएको छ । नेपालमा ८० प्रतिशत पाठेघरको मुखको क्यान्सर यी २ प्रजातिबाट भएको पाईन्छ । पाठेघरको मुखको क्यान्सर मुख्य गरेर एच.पि.भी. भाईरसको संक्रमणबाट हुन्छ । यो रोगबाट नेपालमा प्रत्येक दिन ४ जना महिलाको मृत्यु हुन्छ भने विभिन्न क्यान्सरमध्ये पाठेघरको मुखको क्यान्सर महिलाको मृत्युको पहिलो कारण बनेको छ ।

**एच.पि.भी.खोपको महत्व:**

खोप निशुल्क पाईन्छ । खोप सुरक्षित छ । खोपले जीवन रक्षा गर्दछ । खोप ठूलो जनसमूहलाई सुरक्षित गर्ने साधन हो । अहिले एच.पि.भी. खोप १४४ देशको राष्ट्रिय खोप तालिकामा समाबेश गरी किशोरीहरूलाई दिदैं आईरहेको छ । त्यसैले यसको प्रभावकारीता शत प्रतिसतसम्म रहेको बिभिन्न अध्ययनले देखाएको छ । यो खोप एक मात्रा लगाए पुग्दछ । किशोरीहरू महिनावारी भएको बेला पनि यो खोप लगाउन मिल्दछ । यसले नियमित हुने महिनावारीलाई कुनै असर गर्दैन ।

## खेलकुद समाचार

# टी-२० विश्वकप आजदेखि शुरू हुँदै



**काठमाडौं,** माघ २३/१०औँ संस्करणको आईसीसी टी-२० विश्वकप २०२६ आजदेखि भारत र श्रीलङ्कामा संयुक्त रूपमा शुरू हुँदैछ । प्रतियोगिताको उद्घाटन खेल श्रीलङ्काको कोलम्बोमा रहेको सिंहाली स्पोर्ट्स क्लब क्रिकेट मैदानमा हुनेछ ।उद्घाटन खेलमा नेपाली समयअनुसार बिहान सवा ११ बजे पाकिस्तान र नेदरल्यान्ड्स खेल्नेछन् । नेपालले आइतवार मुम्बईमा इङ्ल्यान्डसँग खेल्दै प्रतियोगिताको शुरुआत गर्नेछ ।यो विश्वकपमा सुरक्षा कारण देखाउँदै बङ्लादेश भारत आउन नमानेपछि अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आईसीसी) ले उसको ठाउँमा स्कटल्यान्डलाई समावेश गरेको छ । यस्तै पाकिस्तानले समूह चरणमा भारतसँगको खेल्न बहिष्कार गर्ने बताएको छ । आउँदो मार्च ८ सम्म चल्ने प्रतियोगिताको फाइनलका लागि दुई वटा सम्भावित स्थल तय भएका छन्, भारतको अहमदाबाद र श्रीलङ्काको कोलम्बो । प्रतियोगिता आउँदो मार्च ८ सम्म चल्नेछ । प्रतियोगिताका खेलहरू भारतमा चेन्नईमा रहेको एमए चिदम्बरम स्टेडियम, नयाँदिल्लीको अरुण जेटली स्टेडियम, मुम्बईको वानखेडे स्टेडियम, कोलकाताको इडेन गार्डेन्स, अहमदाबादको नरेन्द्र मोदी स्टेडियम तथा श्रीलङ्कामा कोलम्बोमा रहेको आर प्रेमदासा स्टेडियम र सिंहाली स्पोर्ट्स क्लब क्रिकेट मैदान र क्यान्डीमा रहेको पल्लेकेल इन्टरनेशनल क्रिकेट स्टेडियममा हुनेछन् ।

# लुम्बिनीमा तेस्रो ...

...दुई दिनसम्म सञ्चालन हुने सम्मेलनमा बुद्ध जन्मस्थल लुम्बिनी, कपिलवस्तु तथा बुद्धसँग सम्बन्धित क्षेत्रको सम्पदा, लुम्बिनी क्षेत्रको पर्यावरणीय अवस्था, विश्व बौद्ध सम्पदा, बौद्ध शिक्षा तथा संस्कृतिका विषयमा छलफल र कार्यपत्र प्रस्तुत हुने जनाइएको छ । यसअघि भएका आयोजना भएका पहिलो र दोस्रो अन्तरराष्ट्रिय बौद्ध सम्मेलनले नेपालको धार्मिक, सांस्कृतिक तथा पर्यटन क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएको लुम्बिनी विकास कोषले जनाएको छ । यस पटकको सम्मेलनमा प्रचारप्रसारका माध्यमबाट लुम्बिनीलाई अन्तरराष्ट्रियस्तरमा चिनाउने, संसारभरि बौद्ध धर्मको महत्व बढाउने र लुम्बिनीमा पर्यटन प्रवर्द्धन गर्ने मुख्य उद्देश्य राखिएको विकास कोषका सदस्य सचिव श्रेष्ठले बताए ।--- *रासस*

## अर्थ/कर्पोरेट समाचार

# सुनको मूल्य घट्यो




**पाल्पा,** माघ २३/शुक्रबार नेपाली बजारमा सुनको मूल्य घटेको छ । नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार ४ हजार २ सयले घटेको हो ।

मूल्य घटेसँगै प्रति तोला २ लाख ९१ हजार कायम भएको छ । यसअघि बिहीबार प्रतितोला सुन २ लाख ९५ हजार २ सयमा कारोबार भएको थियो । यस्तै चाँदीको मूल्य पनि बिहीबारको तुलनामा घटेको छ । महासंघका अनुसार शुक्रबार २ सय ७० ले घटेर प्रतितोला चाँदीको मूल्य ४ हजार ७ सय १० रुपैयाँ तोकिएको छ । बिहीबार एक तोला चाँदीको मूल्य ४ हजार ९ सय ८० कायम भएको थियो । अन्तर्राष्ट्रिय बजारमा एक औंस सुन ४ हजार ८ सय २८ अमेरिकी डलरमा कारोबार भइरहेको छ ।पछिल्ला केही दिन यता सुनको मूल्यमा भने निरन्तर वृद्धि हुँदै आएको छ । ट्रेडिङ इकोनोमिक्स डटकमले पछिल्लो एक महिनामा विश्व बजारमा अमेरिकी डलर निरन्तर कमजोर भएको र सुनको मूल्य निरन्तर उकालो लागिरहेको जनाएको छ । यसरी सुनको मूल्य निरन्तर उकालो लाग्नुको कारण डलरमा आएको गिरावट पनि हो । जसअनुसार पछिल्लो एक महिनाको तथ्यांक हेर्दा पछिल्लो दस दिनमा विश्व बजारमा डलर सूचकांक लगातार घटिरहेको छ । विश्व बजारमै सुनको मूल्य बढेकाले घरेलु बजारमा पनि सुनको भाउ निरन्तर अकासिएको नेपाल सुन-चाँदी व्यवसायी महासंघले जनाएको छ ।

मनको आवाज.............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६४, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई